गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

फोन नं. ०१-५५७२५९२

पत्र संख्या:०७६/०७८

चलानी नं. प्र./०९

मिति:२०७७/०९/२४

विषय:-जानकारी गराइएको सम्बन्धमा।

श्री वडा कार्यालयहरु (सबै)
गोदावरी नगरपालिका ।

प्रस्तुत विषयमा मिति २०७७/०९/२१ गते प्रमुख जिल्ला अधिकारी ढुण्डी प्रसाद निरौलाज्यूको अध्यक्षतामा नदिजन्य तथा खानीजन्य पदार्थको ढुवानी व्यवस्थापन तथा ओसार-पसारलाई थप समन्वयकारी बनाउने सन्दर्भमा बसेको बैठकको निर्णयको प्रतिलिपि यसैसाथ संलग्न रहेको छ ।सोहि निर्णयको बुदाँ नं. (३) मा उल्लेखित व्यहोरालाई अवगत गरी निर्णय कार्यान्वयन गर्नुहुन/सिफारिस दिनुहुन आदेशानुसार अनुरोध छ ।

२०७७।०९।२४

(विष्णुदेवी कँडेल)
शाखा अधिकृत

विष्णु देवी कँडेल
प्रशासकीय अधिकृत (सातौं तह)

०१८

आज मिति २०७७/०९/२१ गते प्रमुख जिल्ला अधिकारी ढुण्डी प्रसाद निरौलाज्यूको अध्यक्षतामा नदिजन्य तथा खानीजन्य पदार्थको ढुवानी व्यवस्थापन तथा ओसार-पसारलाई थप समन्वयकारी बनाउने सन्दर्भमा जिल्ला स्थित प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य, जि.स.स.संयोजक, उपसंयोजक, स्थानिय तहका प्रमुख, वडा अध्यक्ष र सुरक्षा निकायहरु समेतको उपस्थितिमा बसेको समन्वयात्मक बैठकमा देहाय बमोजिमको उपस्थितिमा निम्नानुसारको छलफल गरी निर्णय गरियो ।

उपस्थिति

श्री ढुण्डी प्रसाद निरौला-प्रमुख जिल्ला अधिकारी–जिल्ला प्रशासन कार्यालय ललितपुर

श्री नवराज सिल्वाल - केन्द्रिय सदस्य- नेकपा

माननीय श्री चेतनाथ सञ्जेल- प्रदेश सभा- ललितपुर क्षेत्र नं. १ (ख)

माननीय श्री राजकाजी महर्जन -प्रदेश सभा- ललितपुर क्षेत्र नं. ३ (क)

माननीय श्री जीवन खड्का -प्रदेश सभा- ललितपुर क्षेत्र नं. ३ (ख)

श्री चिरी बाबु महर्जन - प्रमुख - ललितपुर महानगरपालिका

श्री अम्बर बहादुर खड्का-संयोजक- जिल्ला समन्वय समिति, ललितपुर

श्री गजेन्द्र महर्जन - प्रमुख - गोदावरी नगरपालिका ललितपुर

श्री विनेश महर्जन- उप-प्रमुख- जिल्ला समन्वय समिति ललितपुर

श्री किरण बज्राचार्य – प्रहरी वरिष्ठ उपरीक्षक - महानगरीय प्रहरी परिसर ललितपुर

श्री ललित कुमार बस्नेत - स.प्र.जि.अ.- जिल्ला प्रशासन कार्यालय ललितपुर

श्री सुरेन्द्र प्रसाद ढकाल - अनुसन्धान अधिकृत-राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, ल.पु.

श्री रविन्द्र महर्जन- वडा अध्यक्ष- ललितपुर महानगरपालिका २१ नं. वडा कार्यालय

श्री अम्बिरराज शाक्य - वडा अध्यक्ष- ललितपुर महानगरपालिका २२ नं. वडा कार्यालय

श्री पुरुषोत्तम खडका- वडा अध्यक्ष - ललितपुर महानगरपालिका १८ नं. वडा कार्यालय

श्री मथुरा खडका- का.वा. वडा अध्यक्ष - ललितपुर महानगरपालिका २५ नं. वडा कार्यालय

श्री योगेश खरेल- प्र.नि.- महानगरीय प्रहरी परिसर ललितपुर

श्री भोलामान सिंह अधिकारी-ट्राफिक प्रहरी परिसर, ललितपुर सातदोबाटो

निर्णय

(१) ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदी तथा खानीजन्य वस्तुहरुको ढुवानी गर्ने ठुला सवारी साधनहरुले त्यस्ता पदार्थहरु ओसार पसार गर्दा नख्खु करिडोर तथा बागमती करिडोर मात्र प्रयोग गर्न सहमति दिने र सम्बन्धित नगरपालिकाहरुले सम्बन्धित निकाय एवं व्यवसायीहरु समेतको सहयोग र समन्वयमा करिडोर सडकको नियमित मर्मत सम्भार गर्ने ।

(२) भारत बेन्च तथा अन्य साना ढुवानी सवारी साधनको हकमा राती ९.०० बजे देखि बिहान ६.०० बजे सम्मको समयमा अन्य सडकमा समेत उपरोक्त सामग्रीहर ओसार पसार गर्न दिने ।

(३) यस जिल्ला भित्रको चक्रपथ बाहिरको क्षेत्रमा स्थानीय विकास निर्माण तथा निजी (व्यक्तिगत) संरचना निर्माण प्रयोजनका लागि भारत बेन्च जस्ता साना ढुवानी साधनहरु सम्बन्धित स्थानीय तहहरुको सिफारिसको आधारमा अन्य समयमा समेत सञ्चालन गर्न दिने ।

(४) दुध, तरकारी, खाद्यान्न लगायतका कृषिजन्य सामाग्रीहरु ओसारपसार गर्ने ढुवानीका सवारी साधनहरुलाई निर्वाधरुपमा चल्न दिने ।